# अन्तिम लेखापरीक्षण प्रतिवेदन

नमोबुद्ध नगरपालिका
काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

नमोवुद्ध नगरपालिका

काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

नमोबुद्ध नगरपालिका

काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष पालिकाको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन निर्माण र न्याय सम्पादन, बजेट अनुशासन, आन्तरिक आय, वर्षान्तको खर्च, स्वीकृत कर्मचारी दरबन्दी र पदपूर्ति, सेवा प्रवाह, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन प्रणाली, सहकारी संस्थाहरुको नियमन र व्यवस्थापन, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरका अलवा पालिकाले गरेको चालु तथा पूँजीगत खर्चसँग सम्बन्धित उल्लेख्य विषयहरु समावेश गरी सो उपर राय सहितको व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ । अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**(तोयम राया)**

**२०८१, जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
बागमती प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १२१

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री प्रमुखज्यू ,

नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

नमोबुद्ध, काभ्रेपलाञ्चोक।

१. **कैफियत सहितको राय** - हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस नगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार** -

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ५ करोड ४२ लाख ५५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ३० लाख ८६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १३ लाख ४६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ८० लाख २० हजार, नियमित गर्नुपर्ने रु. २ करोड ६ लाख १२ हजार र पेश्की बाँकी रु. ११ लाख ९० हजार समेत गरी यस वर्ष रु. ५ करोड ११ लाख ६९ हजार बेरुजू कायम रहेको छ । नमोबुद्ध नगरपालिकाको गतवर्ष सम्म रु.२० करोड ९ लाख ४० हजार बेरुजू बाँकी

रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२५ करोड २१ लाख ९ हजार रहेको छ । **यस नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नमोबुद्ध नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाह लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नमोबुद्ध नगरपालिकाको व्यवस्थापनमा रहेको छ । नगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**( शंकर प्रसाद पन्थी )**

**नायब महालेखापरीक्षक**

नमोबुद्ध नगरपालिका,

काभ्रेपलाञ्चोक जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६९ | ४८ | ५४२५५ | १ | ३ | ३०८६ | ६८ | ४५ | ५११६९ | १३४६ | २०६१२ | २८०२० | ० | ० | ४८६३२ | ११९० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रेपलाञ्चोक | २००९४० | ० | ० | २००९४० | ० | ५११६९ | २५२१०९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | ३५.१ | दाखिला भएको प्रमाण पेश भएको | |
| २ | ०७९।०८० | ६० | दाखिला भएको प्रमाण पेश भएको | ९९७५ |
| ३ | ०७९।०८० | ७२ | पाम्समा दाखिला गरेको प्रमाण पेश भएको | ३०७३२२३ |
| | **चालु वर्षको जम्मा** | | | ३०८६३४८ |
| | **गत विगत वर्षतर्फको** | - | - | - |
| | २०७८।७९ | - | - | - |
| | २०७७।७८ | - | - | - |
| | २०७६।७७ | - | - | - |
| | **गत विगतको जम्मा** | - | - | - |
| | कुल जम्मा | - | - | ३०८६३४८ |

नगरपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालयको परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस उमाकुण्ड नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५९ सभा सदस्य, १०२ वर्ग किलोमिटर क्षेत्रफल तथा २९,५१९ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा से वा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।२९ देखि २०८०।१०।२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - यस नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को आय व्ययको स्रेस्ता परीक्षण मिति २०८०।०९।२९ देखी १०।२ सम्म ३ कार्य दिनको अवधिमा स्वीकृत लेखापरीक्षण योजना अनुसार आर्थिक कारोबारको छनौटका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ साथै यस क्रममा पेश भएका विल, भरपाई, नापी किताब लगायतका स्रेस्ता एवं कागजातको जोड जम्मा र शुद्धताको हकमा सम्बन्धित आन्तरिक लेखापरीक्षण, लेखा उत्तरदायी अधिकृत र लेखा प्रमुखबाट प्रमाणित व्यहोरा समेतलाई आधार मानिएको छ । त्यसैगरी लेखापरीक्षणको क्रममा वित्तीय पक्षका अलावा नगरपालिकाको

व्यवस्थापकीय, न्यायिक र अन्य विषयगत विषयहरुको परीक्षण गरी संरचनागत, प्रणालीगत र नीतिगत सुधारका पक्षहरु विशेष जोड दिईएको छ ।

## २ एकिकृत आर्थिक विवरण -

नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को एकिकृत वित्तीय विवरण (म.ले.प.फा.नं. २७२ अनुसार)

| **विवरण** | **यस वर्ष रु.** | | | **गतवर्ष रु.** | |
|---|---|---|---|---|---|
| | **बजेट** | **आफैले गरेको प्राप्ति/भुक्तानी** | **जम्मा** | **आफैले गरेको प्राप्ति/भुक्तानी** | **जम्मा** |
| **प्राप्ती (क+ख)** | ८२२३१९६३३.४ | ६३५६९८५१९.७ | ६३५६९८५१९.७ | ७०६१२४७८९.६ | ७०६१२४७८९.६ |
| **क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने)** | ७८४३७५९९७.१ | ६०३०१४६४२.१ | ६०३०१४६४२.१ | ६७१०६४१८६.१ | ६७१०६४१८६.१ |
| कर | १७६१६२६४४.६ | १२२१२८०६३.२ | १२२१२८०६३.२ | १६५८२९९८८.६५ | १६५८२९९८८.६५ |
| अनुदान | ५३३४४७००० | ४५६३१८६९४.८३ | ४५६३१८६९४.८३ | ४६९७४२८८४.४ | ४६९७४२८८४.४ |
| संघीय सरकार | ४६२९१६००० | ४०१७११७८५.५ | ४०१७११७८५.५ | ४०८८६०५६०.४ | ४०८८६०५६०.४ |
| प्रदेश सरकार | ७०५३१००० | ५४६०६९०९.३४ | ५४६०६९०९.३४ | ६०८८२३२३.९३ | ६०८८२३२३.९३ |
| अन्य राजस्व | ३९७६६३५२.५० | २४५६७८८४.०१ | २४५६७८८४.०१ | ३४९६०२५९.८९ | ३४९६०२५९.८९ |
| विविध प्राप्ति | ० | ० | ० | ५३१०५४ | ५३१०५४ |
| वित्तीय सम्पत्ति | ३,५०००००० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | ३७९४३६३६.३० | ३२६८३८७७.६३ | ३२६८३८७७.६३ | ३५०६०६०२.७१ | ३५०६०६०२.७१ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ६,७२,२६०.०० | ६,७२,२६०.०० |
| कोषहरु | ३७९४३६३६.३ | २७९४६५६१.५० | २७९४६५६१.५० | २०२६०८४९.०० | २०२६०८४९.०० |
| धरौटी | ० | ४७३७३१६.१३ | ४७३७३१६.१३ | १४१२७४९३.७१ | १४१२७४९३.७१ |
| भुक्तानी (ग+घ) | ८२२३१९६३३ | ६५९२३५४०३.९ | ६५९२३५४०३.९ | ६७०२६९३७१.७ | ६७०२६९३७१.७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ७८४३७५९९७. | ६२०९१४१८५.३ | ६२०९१४१८५.३ | ६४४४२७१६९.१ | ६४४४२७१६९.१ |

| | | | | | |
|---|---|---|---|---|---|
| पारिश्रमिक / सुविधा | २८८८८१४३७.९ | २५६३१९१२९.३ | २५६३१९१२९.३ | २३०५९८८४७.८ | २३०५९८८४७.८ |
| मालसामान तथा सेवाको उपयोग | १८५४५२२५४ | १११९४०४८९.८ | १११९४०४८९.८ | ८७८३७२६६.२४ | ८७८३७२६६.२४ |
| सहायता (Subsidy) | १०१९६००० | ७४३५७०९.२० | ७४३५७०९.२० | २५०६६८८९.४० | २५०६६८८९.४० |
| अनुदान | २९२४०००० | २६४५६८७६.८५ | २६४५६८७६.८५ | १३१८७५०० | १३१८७५०० |
| सामाजिक सुरक्षा | ७५२४००० | ५३९५४१६.४९ | ५३९५४१६.४९ | ८१६८९४७.०२ | ८१६८९४७.०२ |
| अन्य खर्च | ५५००००० | ३२५००० | ३२५००० | १२९०६२८ | १२९०६२८ |
| गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २५७५८२३०५.१ | २१३८४१५६३.७ | २१३८४१५६३.७ | २७८२७७०९०.५ | २७८२७७०९०.५ |
| घ. अन्य भूक्तानी | ३७९४३६३६.३० | ३८३२१२१८.४५ | ३८३२१२१८.४५ | ६७०२६९३७१.६ | ६७०२६९३७१.६ |
| कोषहरु | ३७९४३६३६.३० | ३००७७५१८.९२ | ३००७७५१८.९२ | २३६८८५९६.४४ | २३६८८५९६.४४ |
| धरौटी | ० | ८२४३६९९.५३ | ८२४३६९९.५३ | २१५३६०६.१९ | २१५३६०६.१९ |
| ङ. यो वर्षको बचत (न्युन) | | (२३५३६८८४.१) | (२३५३६८८४.१) | ३५८५५४१७.९४ | ३५८५५४१७.९४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १०७१९३०५९.२ | १०७१९३०५९.२ | ५८४९९४१५.१३ | ५८४९९४१५.१३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ८३६५६१७५.१२ | ८३६५६१७५.१२ | ९४३५४८३३.०७ | ९४३५४८३३.०७ |
| बैंक तथा नगद बाकी | | ७०१४५६८८.९८ | ७०१४५६८८.९८ | ९४३५४८३३.०७ | ९४३५४८३३.०७ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आर्थिक विवरणको विश्लेशण** - नगरपालिकाको वित्तीय विवरणको विश्लेषण देहाय बमोजिम रहेको छ ।

• नगरपालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा नगरपालिकाको जम्मा प्रासि रु.६३ करोड ५६ लाख ९८ हजार रहेको देखिन्छ भने वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा जम्मा प्रासि रु.६० करोड ३१ लाख ८२ हजार रहेको देखिन्छ । वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा र वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ भन्दा रु. ३ करोड २५ लाख १६ हजार बढी रहेको देखिन्छ ।

• वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा नगरपालिकाको जम्मा भुक्तानी रु. ६५ करोड ९५ लाख ३५ हजार रहेको देखिन्छ भने वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा जम्मा भुक्तानी रु. ६२ करोड ९ लाख १४ हजार रहेको देखिन्छ । नगरपालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ भन्दा रु.३ करोड ८६ लाख २१ हजार बढी रहेको देखिन्छ ।

• वित्तीय विवरण म.ले.प.फा.नं. २७२ को अनुसूची-२४ मा वर्षान्तको अन्त्यमा बैंक मौज्दात रु.७ करोड ३ लाख १३ हजार रहेको देखिन्छ भने वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ को अनुसूची-९ मा खाता अनुसार बाँकी रु. ७ करोड १ लाख ४५ हजार रहेको देखिन्छ । जस अनुसार नगरपालिकाको म.ले.प.फा.नं. २७२ मा भन्दा म.ले.प.फा.नं. २७५ मा रु. १ लाख ६७ हजार बढी मौज्दात रहेको देखिन्छ ।

• नगरपालिकाले पेश गरेको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा कुल बजेट रु. ७८ करोड ४३ लाख ७५ हजार रहेको देखिन्छ भने CGAS को विवरण अनुसार रु. १५ करोड ७७ लाख ८४ हजार बजेट रहेको देखिन्छ । म.ले.प.फा.नं. २७२ तथा २७५ र CGAS तर्फको समावेश गर्दा नगरपालिकाको कुल बजेट रु.९४ करोड २१ लाख ५९ हजार हुन आउँछ । म.ले.प.फा.नं. २७२ र २७५ मा CGAS तर्फको बजेट हजार समावेश भएको छैन ।

उपरोक्त विवरण अनुसार नगरपालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ र वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा प्राप्ति भुक्तानी तथा बैंक मौज्दातमा समेत हिसाब फरक रहेको देखिन्छ । नगरपालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ र वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा CGAS तर्फको आम्दानी र खर्च समावेश रहेको देखिदैन । त्यसैले वित्तीय विवरण र वित्तीय प्रतिवेदनमा भएको फरक हिसाब आउनुको कारण त्यसको असर बारे नगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

४ **बैंक हिसाब मिलान** - स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । नगरपालिकाको यस आर्थिक वर्षको बैंक हिसाब मिलानको अवस्था देहाय बमोजिम रहेको छ ।

| **खाताको नाम** | **श्रेस्ता अनुसार बाँकी** | **बैंक स्टेटमेण्ट अनुसार बाँकी** | **फरक** |
|---|---|---|---|
| विभिन्न खाता | ७०१४५६८८ | ७०३१३१२७ | १६७४३९ |

उपरोक्त विवरण अनुसार नगरपालिकाको श्रेष्ता अनुसार बाँकी रु. ७ करोड १ लाख ४५ हजार र बैंक स्टेटमेण्ट अनुसार रु. ७ करोड ३ लाख १३ हजार बाँकी रहेको देखियो । उक्त विवरण अनुसार नगरपालिकाको श्रेस्तामा भन्दा बैंकमा रु. १ लाख ६७ हजार बढी देखियो ।

५ **आन्तरिक नियन्त्रण प्रणाली** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३२ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

• राजस्व संकलनमा प्रयोग भएको सूचना प्रविधी प्रणाली महालेखा नियन्त्रक कार्यालयको स्वीकृती वेगर संचालनमा ल्याएको ।

• स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(५) कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरेको ।

• नगरपालिका सहकारी ऐनको व्यवस्था अनुसार सहकारी संस्थाहरुको अनुगमन र नियमन नगरेको ।

• कृषि, पशु तथा स्वास्थ्य शाखाका लागि खरिद गरिएका जिन्सी सामाग्रीहरुको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा दाखिला नभएको ।

• ईन्धन र सवारी साधन मर्मतमा थप मितव्ययीता अपनाउनु पर्ने देखिएको ।

• भ्रमण खर्च तथा बैठक र अनुगमन भत्ता भुक्तानीको औचित्य स्थापित गर्दै त्यस्ता खर्चहरुमा नियन्त्रण गर्नुपर्ने देखिएको ।

• भ्रमण काज र विदामा रहेको अवधिमा बैठक तथा अनुगमन भत्ता भुक्तानी हुने स्थितिमा नियन्त्रण गर्नुपर्ने देखिएको ।

• विद्यालय अनुदान रकमको उचित सदुपयोग भए नभएको सम्बन्धमा एकिन गर्न अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्ने देखिएको ।

• शिक्षक दरबन्दी मिलान र विद्यमलय समायोजनको तर्फ ठोस कार्य प्रगति नदेखिएको ।

• प्रदेश सरकारको समपूरक बजेट खर्च गर्दा अख्तियारीमा तोकेको शर्त बमोजिम वचत रकम फिर्ता नगरी पूनः प्रयोग गरेको ।

• तोकिए बमोजिम भवन संहिता पालना नगरेको ।

तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

६ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान नगरपालिकाकार्यबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप-प्रमुखले मिति २०७९।३।१० गते रु.७६ करोड ८७ लाख ९५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।२९ मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका नगर प्रमुखले मिति २०७९।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७ **बजेट विनियोजन** - आर्थिक वर्ष २०७९।८० को नगरपालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ ।

**(रु. हजारमा)**

| **कुल बजेट रु.**<br><br>**(शंसोधन सहित)** | **चालु बजेट रु.** | **प्रतिशत** | **पूँजीगत बजेट रु.** | **प्रतिशत** |
|---|---|---|---|---|
| ७८,४३,७५ | ५२,६७,९३ | ६७.१६ | २५,७५,८२ | ३२.८३ |

उक्त विवरण अनुसार नगरपालिकाको यस आर्थिक वर्षमा कुल रु.७८ करोड ४३ लाख ७५ हजार बजेट विनियोजन गरेकोमा चालु तर्फ ६७.१६ प्रतिशत र पूँजीगत तर्फ ३२.८३ प्रतिशत बजेट विनियोजन भएको छ ।

८ **बजेट तथा पूँजीगत खर्च** - नगरपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

**(रु. हजारमा)**

| **क्र.स.** | **आर्थिक वर्ष** | **बजेट रु.** | **पूँजीगत खर्च रु.** | **बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०७९।८० | २५,७५,८२ | २१,३८,४१ | ८३.०२ |

नगरपालिकाले यस वर्ष पूँजीगत तर्फ रु.२५ करोड ७५ लाख ८२ हजार विनियोजन गरेकोमा रु. २१ करोड ३८ लाख ४१ हजार खर्च गरेको छ, जुन विनियोजित बजेटको तुलनामा ८३.०२ प्रतिशत हुन आउँछ ।

९ **बजेट तथा चालु खर्च** - नगरपालिकाको यस आर्थिक वर्षको बजेट र चालु खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

(रु. हजारमा)

| क्र.स. | आर्थिक वर्ष | बजेट रु. | चालु खर्च रु. | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | ५२,६७,९३ | ४०,७०,७२ | ७७.२७ |

नगरपालिकाले यस वर्ष चालु तर्फ रु.५२ करोड ६७ लाख ९३ हजार विनियोजन गरेकोमा रु. ४० करोड ७० लाख ७२ हजार खर्च गरेको छ, जुन विनियोजित बजेटको तुलनामा ७७.२७ प्रतिशत हुन आउँछ ।

१० **मौज्दात रकम** - नगरपालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु. ६२ करोड ९ लाख १३ हजार खर्च गरेको छ भने नगरपालिकाको बैंक खातामा रु. ७ करोड ३ लाख १३ हजार मौज्दात बाँकी रहेको छ ।

११ **अबण्डा बजेट** - नगरपालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु.१ करोड ५० लाख बजेट अबण्डा राखी नगरकार्यपालिका र अध्यक्षको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । बजेट अवण्डा राखी गाउँभाबाट स्वीकृत नभएका योजनहरुमा नगरकार्यपालिका तथा नगरप्रमुखको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१२ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । नगरपालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक पूँजीगत बजेट रु. | खर्च रकम रु. | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| सडक निर्माण तथा मर्मत | २५,७५,८२,३०५.१३ | १२,७७,७६,६१७.६९ | ४९.६१ |
| जलश्रोततथा सिंचाई | | १,९४,000.00 | ०.०७५ |
| खानेपानी तथा सरसफाई | | १,५१,१४,९३१.३८ | ५.८७ |
| भवन निर्माण | | ३,१७,३६,१७४.६० | १२.३२ |
| सम्पदा पूर्वाधार | | ८३,७०,२५५.०० | ३.२५ |

उपरोक्त विवरण अनुसार नगरपालिकाले पूँजीगत बजेट रु.२५ करोड ७५ लाख ८२ हजार लेखेकोमा सडक निर्माण तथा मर्मतमा रु. १२ करोड ७७ लाख ७६ हजार, जलश्रोत तथा सिंचाईमा रु. १ लाख ९४ हजार, खानेपानी तथा सरसफाईमा रु. १ करोड ५१ लाख १४ हजार, भवन निर्माणमा रु. ३ करोड १७ लाख ३६ हजार, र सम्पदा पूर्वाधारमा रु. ८३ लाख ७० हजार बजेट खर्च भएको देखिन्छ ।

१३ **सडक निर्माण** - नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष नगरपालिकाले ठेक्का तथा उपभोक्ता समितिबाट सञ्चालित योजनाबाट सडक निर्माणको अवस्था देहाय बमोजिम रहेको छ ।

| **क.स** | **योजनाको नाम** | **ईकाई** | **२०७९।८० मा थप** |
|---|---|---|---|
| १. | सडक पिच | कि.मि. | ४.३५ |
| २. | ग्रावेल | घन मि | ८,४०० |
| ३. | नयाँ ट्र्याक | कि.मि. | १०.८ |

नगरपालिकाले यस वर्ष सडक निर्माण अन्तर्गत नयाँ ट्र्याक तर्फ १०.८ कि.मि., ग्रावेलतर्फ ८४०० घ.मि. र सडक पिचतर्फ ४.३५ कि.मि थप कार्य गरेको छ ।

१४ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पूँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| **सि.नं.** | **पूँजीगत खर्च शीर्षक** | **कुल खर्च** | **चौमासिक खर्च (रु. हजारमा)** | | | **आषाढ महिनाको मात्र खर्च** |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | |
| १ | संघीय पूँजीगत | ३७००४ | ० | ६३०७ | ३०६९६ | २०२९२ |
| २ | प्रदेश पूँजीगत | ४०१७२ | ० | ५३६३ | ३४८०९० | २१०२१ |
| ३ | नगरपालिका पूँजीगत | १३६६६५ | १२३२४ | ३९२१० | ८५१३० | ३४०३९ |
| **कूल खर्च** | | **२१३८४१** | **१२३२४** | **५०८८०** | **१५०६३५** | **७५३५३** |
| **खर्च प्रतिशत** | | **१००** | **५.७६** | **२३.७९** | **७०.४४** | **३५.२४** |

उल्लेखित विवरण अनुसार तेस्रो चौमासिकमा पूँजीगत खर्चको ७०.४४ प्रतिशत खर्च भएको देखिन्छ, भने असार महिनामा मात्र ३५.२४ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले तोकिएको समयमा ठेक्का/निर्माण कार्य व्यवस्थापन गरी चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

१५ **अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान समबन्धित शिर्षकमा खर्च गर्ने र खर्च गर्न बाँकी रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार संघीय सरकार र प्रदेश अनुदान प्राप्त र खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

(रु. हजारमा)

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | सशर्त | ३३४२१६ | २८१९१४ | ५२३०१ |
| | समपुरक | १०००० | १०००० | ० |
| **प्रदेश सरकार** | सशर्त | २१६३० | ९३७० | १२२५९ |
| | विशेष | ८००० | ७८६० | १३९ |
| | समपुरक | ३०००० | २६४७४ | ३५२५ |
| **जम्मा** | | **४०३८४६** | **३३५६२०** | **६८२२५** |

उपर्युक्त विवरण अनुसार संघीय सरकारबाट रु. ३४ करोड ४२ लाख १६ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु. २९ करोड १९ लाख १४ हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रकम रु. ५ करोड २३ लाख १ हजार संघीय संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै प्रदेश सरकारबाट रु. ६ करोड ९६ लाख ३० हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा ४ करोड ३७ लाख ५ हजार बजेट खर्च भइ बाँकी रु. १ करोड ५९ लाख २५ हजार आर्थिक वर्ष २०८०।८१ मा प्रदेश संचित कोषमा फिर्ता गरेको देखिन्छ ।

१६ **योजना छनौट र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| 1. | रु.१ लाख देखि माथि रु.५ लाख सम्मका योजना | १७४ | ११,४७,३२,००० |
| 2. | रु.५ लाख देखि माथि रु.१० लाख सम्मका योजना | २९ | ८३,५०,००० |
| 3. | रु.१० लाख देखि माथि रु.२५ लाख सम्मका योजना | १८ | २,५५,००,००० |
| 4. | रु.२५ लाख भन्दा माथीका योजना | ७ | १०,९०,००,००० |
| **जम्मा** | | २२८ | **२५,७५,८२,०००** |

नगरपालिकाले बजेट विनियोजन गर्दा ठुला र प्राथमिकता प्राप्त योजना छनौटमा ध्यान दिई लक्षित उद्देश्य प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१७ **ठेक्का बन्दोवस्त** - कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

**(रु. हजारमा)**

| **कार्यक्रम/ शीर्षक** | **खरिद सम्झौता** | | | | | | | | **यस बर्ष सम्पन्न** | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **कुल जम्मा** | | **प्रथम चौमासिक** | | **दोस्रो चौमासिक** | | **तेस्रो चौमासिक** | | | |
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| **बोलपत्रबाट** | १३ | ८,७२,७५ | ० | ० | १३ | ८,७२,७५ | ० | ० | १३ | ८,७२,७५ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रु. ८ करोड ७२ लाख ७५ हजार लागतको १३ ठेक्का बन्दोवस्त गरेकोमा दोश्रो चौमासिकमा रु.८ करोड ७२ लाख ७५ हजार ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रु. ८ करोड ३० लाख ७५ हजार बराबरको १२ ठेक्का सम्पन्न भएको देखिन्छ ।

१८ **निर्माण कार्य व्यवस्थापन** - नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ । (रु. हजारमा)

| **योजना संख्या** | **ठेक्का मार्फत** | | **उपभोक्ता समिति मार्फत** | |
|---|---|---|---|---|
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| २२८ | १३ | ८,७२,७५ | २१६ | १२,६५,६५ |

यस आर्थिक वर्षमा नगरपालिकाले सञ्चालन गरेका कुल २२८ योजनामा मध्ये ठेक्का मार्फत १३ वटा योजनामा रु. ८,७२,७५,८५१ खर्च गरेको छ, भने उपभोक्ता समिति मार्फत सञ्चालित २१६ योजनामा रु.१२,६५,६५,१४९ खर्च गरेको छ । अर्थात २२८ योजनामा भएको खर्च मध्ये ४०.८ प्रतिशत ठेक्का प्रक्रिया र ५९.२ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । नगरपालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

१९ **ठेक्का प्रतिस्पर्धा** - नगरपालिकामा यस आर्थिक वर्षमा भएका ठेक्का प्रतिस्पर्धाको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान (भ्याट बाहेक ) | कबोल रकम | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | श्यामपाटी काउछे आरुवारीचौर पुजारीटाप सडक | १२ | २,१५,७२,२०५ | १,१९,५७,९३४ | ४४.५७ % | Greentara Tamasherpa Jv |
| २ | जयटार जनक मावि चुवाने सडक | १२ | १७,१८९,६१८.८ | ८१,१२,८३२.७ | ५२.८ | S and N Nirman sewa |
| ३ | दाप्चा बसेरी सडक | १० | १,७०,७७,३९९ | १,०३,६५,१५७ | ३९.९७ | Unique Builders |
| ४ | वडा कार्यालय भवन निर्माण वडा १ | ४ | १,३३,५८,४५४ | ९६,४२,१८७ | २७.१ | Himalayan Cross Road |
| ५ | बासखर्क लकाईने खानेपानी | २ | ३८,५९,४७३.६ | ३४,००,५५७ | २.७८ | Konjyo nirman Sewa |
| ६ | वि.पि. हाईवे सुविधानगर सडक स्तरोन्नती | ३ | १९८४०४५ | १९७२७९५ | ०.५६ | Gorkhali Nirman Sewa |
| ७ | नौविसे जयमंगलटार कँक्रि सडक | ३ | १९९४५९८.२३ | १९९०२९९.१६ | ०.२१ | Rabin & Shreya Construcrtion |
| ८ | जोरल्ला हँदै कृष्ण मा.वि सडक | ३ | १९९३०५७.८ | १९०४८५२.९ | ४.४४ | Temal Kanpur Construction |
| ९ | श्यामपाटी काउछे आरुवारीचौर पुजारीटाप सडक सेकेन्ड फेज | ६ | ९३,५८,२५७.७ | ५४,७७,४५६ | ५०.१३ | Iskra construction |
| १० | जयटार जनक मावि चुवाने सडक सेकेन्ड फेज | ५ | ९३०५४६७ | ५९६३५८५ | ३५.९१ | NS Construction |
| ११ | दाप्चा बसेरी सडक सेकेन्ड फेज | ५ | ६४२२७२६ | ३२९५५५२ | ४८.६९ | Konjyosom Builders |
| १२ | कानपुरडाँडागाउँहुदैवि.पि. राजमार्गजोड्नेसडक | १२ | १७२६०६७० | ८११७७३३.७ | ५२.९७ | Himalayan Cross Road |
| १३ | कानपुरडाँडागाउँहुदैवि.पि. राजमार्गजोड्नेसडकसेकेन्डफेज | ६ | ९८१०३३४.३४ | ६६७३८८३.९ | ३१.९७ | DM Construction & Enterprises |

उपरोक्त विवरण अनुसार नगरपालिकाले ठेक्का बन्दोबस्त गर्दा सबै भन्दा बढी श्यामपाटी काउछे आरुवारीचौर पुजारीटाप सडक योजनामा लागत अनुमानको तुलनामा ४४.५७ प्रतिशत घटीमा सबैभन्दा बढी प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ भने बासखर्क लकाईने खानेपानी कार्यमा लागत अनुमानको तुलनामा २.७८ प्रतिशतमा सबैभन्दा घटी प्रतिशतमा ठेक्का सम्झौता भएको देखिन्छ ।

२० **सार्वजनिक जग्गामा भवन निर्माण** -

२०.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा नगरपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । नगरपालिकाको प्रशासकीय भवन सार्वजनिक जग्गामा निर्माण भई सेवा प्रवाह गर्दै आएको छ ।

२०.२ ऐनको दफा ३९(५) मा नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी भवन निर्माण गरेको वा गरिरहेको ठहरेमा नक्सा पास नगरी भवन बनाएको भए पाँच लाख रुपैयाँसम्म र पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी भवन बनाएको भए दुई लाख रुपैयाँसम्म जरिवाना गरी अध्यक्ष वा प्रमुखले सो भवन वा त्यसको कुनै भाग भत्काउने आदेश दिने व्यवस्था छ भने ऐनको दफा ४१(१) मा उपरउल्लेखित व्यवस्था विपरित निर्माण भएको भवन, संरचना भत्काउनु पर्ने र लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने व्यवस्था छ ।

२१ **परामर्श सेवा खरिद** - नगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु.४९,८६,८७० भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **कामको विवरण** | **परार्मशदाताको नाम** | **लागत अनुमान रु.** | **सम्झौता रकम रु.** | **घटी प्रतिशत** | **खरिद विधि** |
|---|---|---|---|---|---|---|
| १ | Study of Scenario of Muniicpal Solid Waste | Enreach Nepal | ५००००० | ४५२००० | ९.६ | सोझै खरिद |
| २ | Detail Survey Design of Dapch Khola Kamdevtar Rajabam Pokhari road | Infra Development Construction PVt. Ltd | १७१८६२.१५ | १४४६४० | १५.८४ | |
| ३ | Preparation of DER Dapcha Nepane Bhanjynag Gahate Road | Nepal Resource Engineering Pvt. Ltd | ४९९७५३.८० | ४९५३४६.८० | ०.८६ | |
| ४ | DPR of Dapcha bhimsenthan Mandir Chaukidanda Sadak | Geo Service Nepal Paramarsha Center | ९९९६६१.२८ | ९९५१४१.२८ | ०.४५ | |
| ५ | Periodic Plan of Namobuddha Municipality | Scholor Nepal | २०००००० | १९५५५५४ | २.२२ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | Bhu upyog Naksa Nirman | Chhinnamasta Suppliers Pvt. Ltd. | १०००००० | ९४४१८८ | ५.५८ | |
| **जम्मा** | | | **५१७१२७७** | **४९८६८७०** | **५.७७** | |

उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष भू उपयोग नक्सा निर्माण लगायतका कार्यमा सोझै खरिद विधिबाट ६ वटा सेवा खरिदका लागि जम्मा रु.५१ लाख ७१ हजारको लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.४९ लाख ८६ हजार भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औषतमा ५.७७ प्रतिशत कममा खरिद सम्झौता भएको देखिन्छ । नगरपालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२२ **मन्दिर गुम्बा र चर्च निर्माण** - नगरपालिका भित्र रहेका मन्दिर, गुम्बा र चर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| **क्र.सं.** | **धार्मिक स्थलको प्रकार** | **२०७९।८० मा थप संख्या** | **नगरपालिकाको अनुदान रकम** |
|---|---|---|---|
| १. | मन्दिर | १० | ३५,६१,००० |
| २. | गुम्बा | ४ | १२,००,००० |
| ३. | चर्च | १ | ४७,६१,००० |
| **जम्मा** | | **१५** | **८३,२२,०००** |

उपरोक्त विवरण अनुसार नगरपालिका भित्र आर्थिक वर्ष २०७९।८० मा थप मन्दिर १०, गुम्बा ४ र चर्च १ गरी जम्मा १५ वटा धार्मिक स्थल निर्माण भएका छन, भने उक्त निर्माण तथा मर्मत गर्न रु. ८३ लाख २२ हजार अनुदान दिएको देखिन्छ ।

२३ **सेवाप्रवाहको स्थिति** - नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा देहाय बमोजिम १९९७ जनालाई पञ्जीकरण सेवा प्रदान गरेको छ ।

| **विवरण** | **सेवा संख्या** |
|---|---|
| जन्म दर्ता | ९८९ |
| मृत्यु दर्ता | ३६७ |
| बसाईसराई दर्ता | ८१ |
| विवाह दर्ता | ५१४ |
| सम्बन्ध विच्छेद दर्ता | ४६ |
| **जम्मा** | **१९९७** |

२४ **भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलन** - नगरपालिकाले सम्बन्धित वडा मार्फत् संकलन गरेको निम्नानुसारको निवेदन नगरपालिकामा प्राप्त भएको छ ।

| **क्र.स.** | **विवरण** | **घरधुरी संख्या** |
|---|---|---|
| १ | भूमिहिन दलित | १४ |
| २ | भूमिहिन सुकुम्बासी | ७० |
| ३ | अव्यवस्थित बसोबासी | ९७८ |
| | **जम्मा निवेदन** | **१०६२** |

प्राप्त निवेदनउपर वडा तथा नगरपालिकाबाट थप कारबाही हुने क्रममा रहेको जानकारी प्राप्त भएको छ ।

२५ **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| **गत वर्षबाट सरेका विवाद** | **यस वर्ष दर्ता भएको** | **जम्मा** | **फछ्र्यौट/कारवाही भएका विवाद** | **फछ्र्यौट/कारवाही हुन बाँकी विवाद** |
|---|---|---|---|---|
| २२ | २१ | ४१ | २३ | २० |

न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही टुङ्गो लगाउने तर्फ ध्यान दिनुपर्दछ ।

२६ **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा नगरपालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| **सि.नं.** | **विवरण** | **संख्या** |
|---|---|---|
| १. | ऐन | ३० |
| २. | नियमावली | २ |
| ३. | कार्यविधि तथा निर्देशिका | १९ |
| | **जम्मा** | **९०** |

नगरपालिकाले आर्थिक वर्ष २०७९।८० सम्म ३० ऐन, २ नियमावली र १९ कार्यविधि तथा निर्देशिका गरी जम्मा ९० वटा कानुन निर्माण गरी कार्यान्वायनमा ल्याएको देखिन्छ ।

२७ **दरबन्दी र पदपूर्ती** - नगरपालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

| क्र.स. | स्वीकृत पद | सख्या | पदपूर्ती | | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| १ | आठौं/नवौं तह | ३ | ३ | ० | १ |
| २ | सातौ तह | १ | १ | ० | |
| ३ | छैठौं तह | ८ | ४ | ४ | १ |
| ४ | पाँचौं तह | १८ | १४ | ४ | १ |
| ५ | चौथौ तह | १९ | ११ | ९ | ३ |
| ६ | कार्यालय सहयोगी | १६ | २ | १४ | ० |
| ७ | सवारी चालक | ६ | | ६ | ० |
| **जम्मा** | | **७०** | **३५** | **२०** | **६** |

उपरोक्त विवरण अनुसार नगरपालिकामा विभिन्न पदमा स्वीकृत दरबन्दी संख्या ७० भएकोमा ३५ पद स्थायी र २० पदमा करारमा नियुक्ति गरेको देखिन्छ भने ६ पद रिक्त रहेका देखिन्छन् । नगरपालिकाले स्थायी पदपूर्ती हुने पदहरु र रिक्त रहेका पदहरु समेत प्रदेश लोक सेवा आयोग मार्फत् स्थायी पदपूर्ती गरी सेवा प्रवाह गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२८ **रिक्त पदको सूचना** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । नगरपालिकाको स्वीकृत कर्मचारी दरबन्दी ७० जना रहेकोमा ३५ जना स्थायी, २० जना करारमा कार्यरत रही ६ वटा पदहरु रिक्त रहेका छन । नगरपालिकाले रिक्त रहेका पदहरु तथा करारमा नियुक्त गरेका पदहरु स्थायी पदपूर्तीका लागि प्रदेश लोक सेवा आयोग र मन्त्रालयसँग समन्वय गर्नुपर्ने देखिन्छ ।

२९ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर नगरपालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी ३५ जना स्थायी कर्मचारीलाई बार्षिक रु.५,९८,३४,०१८।४ तलब खर्च लेखेको देखिन्छ, भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०८०/८१ को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अतः उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

३० **स्वीकृती बेगरको सफ्टवेयर सञ्चालन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ । तर नगरपालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर आन्तरिक आय संकलनका लागि सांग्रिला ईन्फ्रोमेटिक्स प्रा लि काठमाडौं कम्पनीको सम्पत्ति कर ,आय लेखा ,र व्यवसाय

कर नामको सूचना प्रणाली प्रयोग गरी यस वर्ष रु.१,७६,७३,५८९।६८ राजस्व आम्दानी गरेको देखाएको छ । स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विस्वसनीयता र सम्भाव्य जाखिम बारे समेत आश्वसत्त हुन सक्ने अवस्था देखिएन । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

३१ **खर्च र आन्तरिक आयको विश्लेषण** - नगरपालिकाको यस आर्थिक वर्षको खर्च र आन्तरिक आयको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | नगरपालिकाको जम्मा खर्च रु. | आन्तरिक आय रु. | खर्च र आन्तरिक आयको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९।८० | ६२,०९,१४,१८५.३३ | ८,१३,१२,८०२.१७ | १३.१० |

नगरपालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.६२०९१४१८५.३३ रहेको छ, भने राजश्व संकलन रु. ८,१३,१२,८०२.१७ गरेको छ । नगरपालिकाको कुल खर्च आन्तरिक आयको १३.१० प्रतिशत हुन आउँछ । अतः नगरपालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

३२ **कर संकलन** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५, ५७, ५८ र ५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । नगरपालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय | ५,२३,४१,३५२.५० | ८,१३,१२,८०२.१७ | १५५.३५ |

उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष अनुमानको तुलनामा १५५.३५ प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ ।

३३ **करको दायरा** - नगरपालिकाले नदीजन्य सामाग्री संकलनमा अवरोध भएका कारण निज फर्मले मागेको राजस्व छुट दिन मिल्ने नमिल्ने सम्बन्धमा नगरपालिकाले २०८०/३/१० मा मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बाग्मती प्रदेश, हेटौडालाई पत्राचार गरेकोमा सोको जवाफ प्राप्त नभएको नगरपालिकाले जनाएको छ । त्यसैले कार्यस्थलको अवस्था र आवश्यकता अनुसार राजस्व छुट दिने तरिका, विधि र प्रक्रिया सम्बन्धमा देखिएको दुविधालाई संघीय कानूनद्धारा सम्बोधन गर्नुपर्ने देखिन्छ ।

३४ **करको दायरा** - आर्थिक ऐन, २०७९ मा सम्पती कर घरजग्गा कर लगाइने र करदातालाई करको दायरामा ल्याउने व्यवस्था गरेको छ । सम्पती कर र व्यावसाय कर तिर्ने करदाताको विवरण देहाय बमोजिमका करदाताको विवरण देहायनुसार रहेको छ ।

| करको नाम | जम्मा करदाता | कर तिर्ने करदाता | कर तिर्ने करदाताको प्रतिशत | करको दायरामा नआएका करदाता | कर नतिर्ने करदाताको प्रतिशत |
|---|---|---|---|---|---|
| सम्पत्ति कर | १३६०५ | ४८३० | ३५.५० | ८७७५ | ६४.५० |
| व्यवसाय कर | १६४० | ५२३ | ३१.८९ | ९८६ | ६८.११ |

उपरोक्त विवरण अनुसार नगरपालिकाले यस आर्थिक वर्षमा ६४.५० प्रतिशत करदाताहरु सम्पत्ति करको दायरामा नआएको पाईयो भने व्यवसाय कर तर्फ ६८.११ प्रतिशित करदाता करको दायराभन्दा बाहिर रहेको देखियो । अतः नगरपालिका भित्र रहेका सम्पूर्ण करदातालाई करको दायरा, क्षेत्र र करको दर समेतको विश्लेषण गरी नगरपालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने गरी नीति तथा कार्यक्रम संचालनमा ध्यान दिनुपर्दछ ।

३५ **ढुङ्गा, गिटी, बालुवा ठेक्का र राजस्व छुट -** नगरपालिका क्षेत्रबाट निकासी हुने ढुङ्गा, बालुवा लगायत नदीजन्य पदार्थको निकासी शुल्क संकलनका लागि नगरपालिकाले एस. एण्ड एम. निर्माण सेवा प्रा. लि. सँग २०७९/४/२६ मा मूल्य अभिवृद्धि कर सहित रु.२ करोड ७५ लाख २६ हजार ८०० मा सम्झौता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

३५.१

✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर छुट राजश्व रु.१९,५५,३८२ असूल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१८ को निर्णयबाट सम्परीक्षण गरिएको ।)***

३५.२ स्थानीय सरकार संचालन ऐन, २०७४ को ६४ साविक दफाको उपदफा १, १(च), ३ र ४ मा ढुङ्गा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने व्यवस्था गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्धारा खारेज गरी दफा ६२ (क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुङ्गा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यद्यपी बाग्मती प्रदेशको आर्थिक ऐन, २०७९ को दफा १२(३) अनुसार उपदफा (१) बमोजिम दिईएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेको त्यसरी छुट दिईएको दस्तुर, शुल्क, महशुल र कर रकम असूल उपर गरी सो रकम बराबर जरिवाना गरिने व्यवस्था छ । उल्लेखित अवस्थामा संघीय कानून र प्रदेश कानून एक-आपसमा बाँझिएको देखिन्छ ।

३५.३ नगरपालिकाले निज फर्मसँग ठेक्का सम्झौता गर्नु भन्दा अघि २०७९/४/१ देखि २०७९/४/२६ गते सम्मको अवधिमा नगरपालिकाले रु.५,३७,०००।०० अमानतबाट संकलन गरेको छ भने नदीजन्य

सामाग्री संकलनमा अवरोध भएका कारण निज फर्मले मागेको राजस्व छुट दिन मिल्ने नमिल्ने सम्बन्धमा नगरपालिकाले २०८०/३/१० मा मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बाग्मती प्रदेश, हेटौंडालाई पत्राचार गरेकोमा सोको जवाफ प्राप्त नभएकाले नगरकार्यपालिकाले छुटको निर्णय गरेको नगरपालिकाको भनाई छ ।

३५.४ निज प्रा. लि. सँग भएको सम्झौता अनुसार दोस्रो र तेस्रो किस्ता वापत मूल्य अभिवृद्धि कर सहित रु.८२,५८,०४०।०० का दरले क्रमशः २०७९ पौष मसान्त र २०८० असार १५ गते भित्र बुझाउने उल्लेख भएकोमा देहाय बमोजिम ढिला दाखिला गरेको रकममा आयकर ऐन, २०५८ को दफा २(कब) अनुसार बार्षिक १५ प्रतिशतले हुन आउने सामान्य ब्याज दरका आधारमा रकम असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| **क.स.** | **दाखिला मिति** | **दाखिला रकम रु.** | **ढिला दाखिला दिन** | **ब्याज रु.** |
|---|---|---|---|---|
| १ | २०८०/३/२५ | ८२,५८,०४०।०० | ५महिना२५दिन | ५,९३,८९९।२५ |
| २ | २०८०/४/२९ | ६३,०२,६५८।०० | २९दिन | ७५,११३।८६ |
| **जम्मा** | | | | **६,६९,०१३।११** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६९,०१३ |

३६ **संघीय सरकारको अधिकार क्षेत्र अन्तर्गतको विषयमा कानून निर्माण** - नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ । त्यसैगरी संविधानको अनुसूची - ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर नमोबुद्ध नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

३७ **सहकारी संस्थाको विवरण** - नगरपालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पुंजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| बचत तथा ऋण सहकारी संस्था लि. | ३६ | ११०२८ | ८०५२०५३८० | १६७२६१०३४.८१ | १७५६२३४४८.७७ | ८०८९००६.१५ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | १३ | ५७५ | ७४११०० | २०५११४४ | १७९८०२७ | ३२८३३१.५२ |
| कृषी सहकारी संस्था लि. | ३६ | १,०३९ | ४३७६६०० | ८८५३३८६.२७ | ४७१०७६३ | २०४६२३६०.५८ |
| अन्य | ३८ | १२०८ | १९८०२५० | ११६६०६७० | ११२०३७५८.५ | ११५१०५३.२१ |
| **जम्मा** | **१२३** | **१३,७२७** | **८१२३०३३३०** | **१८९८२६२३५.०८** | **१९३३३५९९७.२७** | **३००३०७५१.४६** |

नगरपालिका भित्र आर्थिक वर्ष २०७९।८० सम्म जम्मा १२३ वटा सहकारी संस्था संचालनमा रहेका छन् । १२३ वटा सहकारी संस्थामा १३७२७ जना शेयर सदस्य रहेका छन् भने उक्त सहकारी संस्थाहरुको शेयर पूँजी रु. ८१२३०३३३० हजार, बचत रु. १८९८२६२३५.०८ हजार, ऋण लगानी रु. १९३३३५९९७.२७ हजार र जगेडा कोष रु. ३००३०७५१.४६ हजार रहेको छ ।

३८ **सहकारी संस्थाको अनुगमन** - नगरपालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ७३ मा तोकिए बमोजिम सहकारी संस्थाहरुको अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित, वचत रकमको सुरक्षा साथै लगानीमा हुन सक्ने दुरुपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप नगरपालिका भित्र संचालनमा रहेका सम्पूर्ण सहकारी संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने, अनुगमन प्रतिवेदन उपर नगरपालिकामा छलफल गर्ने र अनुगमन प्रतिवेदन उपर कारवाही गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३९ **विद्यालय र विद्यार्थी संख्या** - नगरपालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ४० | ४७१९ |
| २ | संस्थागत विद्यालय | ७ | १,०८८ |
| **जम्मा** | | **४७** | **५,८०७** |

उपरोक्त विवरण अनुसार नगरपालिकाको जम्मा विद्यार्थी संख्या ५,८०७ जना रहेकोमा ८१ प्रतिशत सामुदायिक र १९ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

४० **सामुदायिक विद्यालयको दरबन्दी र पदपूर्ती** - आर्थिक वर्ष २०७९।०८० मा नगरपालिका भित्रका ४० वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाय बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | २५२ | १६१ | ९१ | ० |

उक्त विवरण अनुसार नगरपालिकामा जम्मा २५२ दरबन्दी रहेकोमा १६१ जना स्थायी पदपूर्ती र ९१ जना राहत/करारमा नियुक्त गरी जम्मा २५२ पदपूर्ती गरेको देखिन्छ । नगरपालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४१ **शिक्षक विद्यार्थी अनुपात** - संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० मा केही विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र.स. | विद्यालय नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १. | जनक मा. वि. | २१ | ११३९ | १:५४ |
| २. | श्री नमोबुद्ध प्रा. वि. | २ | ५८ | १:२९ |
| ३. | जन जागृति प्रा.वि. | ४ | ८१ | १:२० |
| ४. | सेतिदेवी प्रा. वि. | १ | ३१ | १:३१ |
| ५. | पञ्चकन्या प्रा.वि. | २ | ४७ | १:२३ |
| ६. | गणेश प्रा.वि. | ३ | २० | १:६ |
| ७. | मंकाल प्रा.वि. | ४ | ३५ | १:८ |
| ८. | अमर प्रा. वि. | ३ | २८ | १:९ |
| ९. | कालि गंगा प्रा.वि. | ३ | २४ | १:८ |
| १०. | कृष्ण नि.मा.वि. | १६ | १३१ | १:८ |

नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र नगरपालिकाका ४० वटा विद्यालय २५२ जना शिक्षक र ४७१९ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:१८ रहेको छ ।

४२ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन** - नगरपालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:२६ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन । त्यसैले आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान तर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

४३ **प्रति विद्यार्थी लागत** - नगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| **बजेट विवरण** | **बजेट रकम रु.** | **खर्च रकम रु.** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत** |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | २३३२३१००० | २२३१११००० | ४७१९ | ४७२७९ |

उपरोक्त विवरण अनुसार नगरपालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.४७,२७९ रहेको छ ।

४४ **शैक्षिक गुणस्तर** - नमोबुद्ध नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुको २०७९ सालको एस.ई.ई. परीक्षामा जम्मा ३२६ विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **जिपिए** | **जम्मा विद्यार्थी** | **उत्तिर्ण विद्यार्थी संख्या** | | **उत्तिर्ण प्रतिशत** | |
|---|---|---|---|---|---|---|
| | | | **संस्थागत** | **सामुदायिक** | **संस्थागत** | **सामुदायिक** |
| १ | ३.६१ - ४.०० | ३ | १ | २ | ०.३० | ०.६१ |
| २ | ३.२१ - ३.६० | ३८ | ९ | २९ | २.७६ | ८.८९ |

उल्लेखित तालिका अनुसार ३.६१-४.०० जिपिए ल्याउने ३ विद्यार्थी मध्ये २ जना, ३.२१-३.६० जिपिए ल्याउने ३८ विद्यार्थी मध्ये २९ जना सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ ।

४५ **पढ्दै कमाउँदै कार्यक्रम** - १३९।२०८०।३।१८ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत पढ्दै कमाउदै कार्यसंचालन कार्यविधि, २०७८ को दफा ८(१) अनुसार विद्यालयमा कार्यक्रम संचालन गर्न शुरुमा ५०% नगरपालिकालाई निकासा गर्ने र बाँकी रकम विद्यालयको कार्यप्रगतिको आधारमा उपलब्ध गराइने ८(६) सम्झौता बमोजिम कार्यसंचालन नगर्ने विद्यालयले निकासा भएको बजेट नगरपालिका मार्फत

संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले पढ्दै कमाउदै कार्यक्रम अन्तर्गत जनक माध्यामिक विद्यालयलाई रु.५/५ लाखका दरले निकासा गर्नुपर्नेमा रु.१० लाख विद्यालयको खातामा निकासा गरेको देखिन्छ । विद्यालयले लेखापरीक्षणको अवधी सम्म पनि आवश्यक बिल भरपाई, कार्य सम्पन्न प्रतिवेदन तथा वार्षिक प्रतिवेदन नगरपालिकामा पेश भएको देखिएन । तसर्थ उक्त खर्च पुष्ट्याई गर्ने बिल भरपाई, कार्य सम्पन्न प्रतिवेदन तथा नगरपालिकाबाट अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा उक्त रकम संघीय संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

४६ **नमुना विद्यालयको भवन निर्माण -** ४३।२०८०।३।२४ आव २०७९।८० कार्यक्रम कार्यान्वयन पुस्तिका बुँदा नं ८।२ मा विद्यालयसँगको सम्झौता पश्चात पहिलो किस्ता ३० प्रतिशत, स्ट्रक्चरल पार्टसको कार्य सम्पन्न पश्चात दोस्रो किस्ता स्वरुप अनुदान रकम को ५० प्रतिशत र कार्यसम्पन्न पश्चात अन्तिम किस्ता वापत बाँकि २० प्रतिशत अनुदान रकम विद्यालयलाई निकासा गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले नमुना विद्यालयको भवन निर्माणको लागि यस वर्ष जनक माविलाई रु. १ करोड आर्थिक वर्षको अन्त्यमा लागत अनुमानको आधारमा विद्यालयको खातामा निकासा भएको देखिन्छ । लेखापरीक्षणको अवधि माघ २ सम्म पनि विद्यालयले नगरपालिकामा आवश्यक बिल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन पेश भएको नदेखिएकोले कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००,००० |

४७ **स्वास्थ्य तर्फ -** नगरपालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाय बमोजिम रहेको छ ।

| **स्वास्थ्य संस्थाको किसिम** | **स्वास्थ्य संस्थाको संख्या** | **दरबन्दी** | **पदपूर्ती** | | **सेवाग्राहीको संख्या** | **दीर्घ रोगी समेत औषधी वितरण रु.** |
|---|---|---|---|---|---|---|
| | | | **स्थायी** | **करार** | | |
| स्वास्थ्य केन्द्र/चौकी | ७ | ३५ | २१ | २० ( मेथिन को ट अस्पतालमा १ जना ल्याब टेक्निसियन कार्यरत प्रदेश तर्फको अस्पतालमा) | २६४८७ | ४०००००० |
| सामुदायिक स्वास्थ्य ईकाइ | ६ | १२ | ० | १० | | |
| **जम्मा** | | **४७** | **२१** | ३० | | |

उक्त विवरण अनुसार नगरपालिकामा जम्मा ७ वटा स्वास्थ्य केन्द्र/चौकी र ६ वटा सामुदायिक स्वास्थ्य ईकाइमा कुल ४७ दरबन्दी रहेकोमा हाल ५१ पूर्ती गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

४८ **प्रमाण पेश** - १९८।२०८०।३।२४ नगरपालिकाले यस वर्ष कोभिड १९ बाट शैक्षिक क्षतिको भरपुरण तथा अन्य विपतको समयमा सिकाई विस्तार कार्यक्रम अन्तर्गत सगुन प्रिन्टर्स धुलिखेलबाट कक्षा ६ को गणित किताब रु. २२० का दरले १००० थान र विज्ञान किताब रु. २१२ का दरले १००० थान गरी जम्मा रु. ४४८१६० को पुस्तक खरिद गरी उक्त सामानको जिन्सी दाखिला तथा खर्च निकासा गरिसकेको देखिन्छ। इमिस डाटा अनुसार नगरपालिका अन्तर्गतका विद्यालयममा कक्षा ६ मा अध्ययनरत विद्यार्थी संख्या जम्मा ३८७ जना रहेकोमा नगरपालिकाले ३५३ वटा पुस्तक एकमुष्ट १५ वटा विद्यालयलाई वितरण गरेको भरपाई पेश गरेता पनि उक्त भरपाईमा विद्यालयले बुझेको छाप नदेखिएको तथा बाँकी पुस्तक शिक्षा शाखा प्रमुखसँग रहेको शिक्षा प्रमुखको भनाई छ ।यसरी विद्यार्थी संख्या भन्दा बढी पुस्तक खरिद हुनु तथा जिन्सीशाखाबाट एकमुष्ट खर्च निकासा भईसकेका पुस्तक कार्यालय परिसरमा नै हुनुले सार्वजनिक खर्चको दुरुपयोग हुन सक्ने देखिएकोले खरिद पुस्तक सही रुपमा सदुपयोग भएको प्रमाण पेश हुनपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४८,१६० |

४९ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ५ लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धमा नगरपालिकाबाट आवश्यक कानूनी व्यवस्था भएको छैन ।

५० **सामाजिक सुरक्षा** - आर्थिक वर्ष २०७९।८० मा नगरपालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **नगरपालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार)** | **लाभग्राही संख्या** | **लाभग्राही प्रतिशत** | **सामाजिक सुरक्षा रकम रु.** |
|---|---|---|---|---|
| १ | २६,१६० | ३,९८० | १५.२१ | १५,७७,८४,७९७ |

उपरोक्त विवरण अनुसार नगरपालिकामा २०७८ सालको जनगणना अनुसार लाभग्राहीको संख्या नगरपालिकाको कुल जनसंख्याको १५.२१ प्रतिशत रहेको छ । नगरपालिकाले सामाजिक सुरक्षाको लाभग्राहीको लगत अद्यावधिक, हिसाब मिलान तथा अनुगमन निरीक्षणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

## ५१ कृषि उपज तथा कोल्ड स्टोर निर्माण

५१.१ नगरपालिकाले नेपाल जलवायू नमूना कार्यक्रम अनतर्गत कृषि उपज तथा कोल्ड स्टोर निर्माण गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१), ३९(५) र ४१(१) मा स्थानीय तहको स्वामित्व र भोगाधिकारमा नभएको सार्वजनिक जग्गामा नक्सा पास नगराई नगरपालिकाले कृषि उपज तथा कोल्ड स्टोर निर्माण गरेको छ ।

५१.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट एक करोड सम्मको निर्माण कार्य गराउँदा एक करोडमा कन्टिन्जेन्सी, जनसहभागिता, ओभरहेड र मूल्य अभिवृद्धि कर समेत समावेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कोल्ड स्टोर भवन निर्माण गर्न कुल रु.१,२२,०६,७७६।२१ को लागत अनुमानलाई उपभोक्ता समितिबाट निर्माण कार्य गराउने प्रयोजनले टुक्र्याएर रु.९९,२१,८१६।५५ र रु.२२,८४,९५९।६६ मा कृषि उपज तथा कोल्ड स्टोर उपभोक्ता समितिसंग फेज १ र फेज २ गरी सम्झौता गरेको देखिन्छ । उपभोक्ता समितिबाट भवनको लागि जमिन सतह लेभलिङ्ग गर्ने, सोलिङ्ग गर्ने तथा पिलर राख्ने लगाएतका कार्य गरेको देखिन्छ । सार्वजनिक खरिद नियमावलीले उपभोक्ता समितिबाट कार्य गराउन सकिने सीमा भन्दा बढीको निर्माण कार्य गराएको नियमसम्मत् नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,२२,०६,७७६ |

५१.३ सोही भवन निर्माणको लागि पुनः यस आर्थिक वर्षमा (२०८०/८१) उपभोक्ता समितिबाट बाँकी रहेको कार्य ठेक्का प्रकृयाबाट गराउन रु. २,०६,६०,५३१।७५ (भ्याट र पिएस बाहेक) को लागत अनुमान तयार गरी रु.१,३४,१९,४८६।५० (भ्याट र पिएस बाहेक) ३५.०५ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । ठेक्का प्रकृयामा सुरुवाती चरण देखि नै भवन निर्माण कार्य गराएको भए उपभोक्ता समितिलाई भुक्तानी भएकोबाट रु.४२,७८,४७५।०६ नगरपालिकामा बचत हुन सक्ने देखिन्छ । उपभोक्ता समिति र ठेक्का मार्फत् कार्य गर्दा PCC for RCC, PCC, Formwork, Stone Sork 1:6, Earthwork excavation लगाएतका कार्यहरु दोहोरिएको देखिन्छ । नगरपालिकाले उक्त निर्माण कार्यहरुमा दोहोरपना परे/नपरेको बारेमा एकिन गर्नुपर्दछ ।

५२ **आर्थिक सहायता** - नगरपालिकाले यस आर्थिक वर्षमा बमोजिम विपद व्यवस्थापन, विपन्नलाई औषधी उपचार लगायत रु.१२ लाख ९७ हजार आर्थिक सहायता वितरण गरेको छ ।

५३ **लम्पी स्किन** - नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार पशु चौपायामा फैलिएको लम्पी स्किन रोगले देहायका पशु चौपायामा क्षति पुर्याएको देखिन्छ ।

| **नगरपालिका भित्रका पशु चौपायाको संख्या** | **रोगबाट प्रभावित चौपायाको संख्या** | **मृत्यू भएका चौपायाको संख्या** | **औषधी उपचारमा भएको खर्च रु.** |
|---|---|---|---|
| ३४,७८९ | १८,०१० | २६७ | १३,६५,००० |

उपरोक्त विवरण अनुसार नगरपालिका भित्र पशु चौपाया ३४,७८९ रहेको छ, भने १८,०१० रोगबाट

प्रभावित तथा २६७ वटाको मृत्यू भएको देखिन्छ । नगरपालिकाले उक्त महामारी रोकथाम तथा नियन्त्रण गर्नका लागि रु. १३,६५,००० हजारको औषधी प्रयोग गरेको देखिन्छ

५४ **बढी भुक्तानी** - १९५/२०८०/३/२४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। मिति २०८०-०३-२४ मा ग्लोबल संजाल मिडिया प्रा.लि. लाई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना अन्तर्गत नगरपालिकाको सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाइबाट सुचना प्रसारण तथा सम्प्रेषण गर्न भनी थेम्स मिडिया, मेचिकाली मिडिया तथा ग्लोबल संजाल मिडियाको दररेट तुलना गरी न्युन दर रेट पेश गर्ने ग्लोबल मिडियालाई भएको भुक्तानीमा वैशाख १२ देखि भाद्र सम्म ४ महिना मासिक ९ हजारका दरले रु.३६,०००।०० हजार भुक्तानी हुनुपर्नेमा रु.१,२३,८९३।०० (भ्याट बाहेक) भुक्तानी भएको छ । त्यसैले बढी भुक्तानी रकम रु.८७,८९३।०० सम्बन्धित मिडियाबाट असुल गर्नुपर्ने साथै प्रसारित सामाग्रीको प्रमाणित कागजात पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२३,८९३ |

५५ **स्वीकृत दर भन्दा बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली,२०७७ को नियम १० अनुसार सार्वजनिक निकायले स्वीकृत दर रेटको आधारमा निर्माण कार्यको भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले देहायका उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा स्वीकृत दर भन्दा बढी दरमा भुक्तानी गरेको देखिन्छ । स्वीकृत दर भन्दा बढी दरमा भुक्तानी गरेको रु.४,०५,१४३.४१ सम्बन्धित उपभोक्ता समितिबाट असूल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं. मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | परिमाण घनमिटर | स्वीकृत दर रु. | भुक्तानी दर रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| ६१/०७९/०९/२९ | सिमलचौर छ्यातन निर्माण योजना उपभोक्ता समिति | Providing laying random rubble stone masonry 1:4 | ५७.५२ | १०६६०.१३ | ११७६५.३८ | ६३५७३.९८ |
| १०७/०७९/११/०८ | राधाकृष्ण मन्दिर मर्मत ऐंसेलुचौर योजना निर्माण उपभोक्ता समिति | stone masonry | ५१.०५ | ८७३३.३० | १०५८०.१५ | ९४२९२.२७ |
| २२८/०८०/०२/२८ | पातलेगाउँ पुच्छारटोल | Form work for Plum | १३५ | ५०५.७५ | ६१८ | १५१५३.७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बाटो विस्तार उपभोक्ता समिति | PCC 1:3:6 | ११.२५ | ९१८७.७५ | ११९३१.९० | ३०८७१.६९ |
| २३०/०८०/०२/२८ | चिण्डेगाउँ खानेपानी लिनजाने गोरेटो बाटो सिढी तथा कुवा मर्मत उपभोक्ता समिति | PCC 1:2:4 | ९.६८ | १०३२१.७५ | १३३२८.४० | २९०६०.७९ |
| २३६/०८०/०२/२८ | बाँसखर्क सल्लेरी भगवती मोटरबाटो मर्मत उपभोक्ता समित | stone masonry 1:6 CS mortar | ७०.२५ | ८७३३.३० | १०९७०.४२ | १५७१५७.६८ |
| | | PCC 1:2:4 | ५ | १०३२१.७५ | १३३२८.४० | १५०३३.२५ |
| **जम्मा** | | | | | | ४०५१४३.४१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०५,१४३.४१ |

५६ **पूर्वनिर्धारीत क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त बमोजिम निर्माण व्यवसायीले सम्झौता अवधिमा सम्झौता अनुसारको कार्य सम्पन्न नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ती असूल गर्नुपर्ने व्यवस्था छ । संघीय सरकारको समपुरक अनुदान अन्तर्गत नगरपालिकाले श्यामपाटी काउछे आरुबारी चौर पुजारीटाप सडक ठेक्का प्रकृया मार्फत सम्पन्न गरेको देखिन्छ । उक्त योजनामा लागत अनुमान रु.२,४९,९९,७५८।५८ तयार गरेकोमा रु.१,३६,६२,४६५।८७ मा ग्रिनतारा-थामसेर्कु जे.भी. संग मिति २०८०।०२।११ गते भित्र योजना सम्पन्न गर्ने गरी मिति २०७९।०९।०८ मा सम्झौतामा गरेको देखिन्छ । संलग्न विवरण अनुसार उक्त योजना मिति २०८०।०२।२० मा सम्पन्न भएको देखिन्छ । उक्त योजना तोकिएको अबधि भन्दा ९ दिन ढिला सम्पन्न भएको देखिन्छ । तोकिएको समय भन्दा ढिला योजना सम्पन्न गरेकोले उक्त निर्माण व्यवसायीलाई (६८०९.८८*९=६१,२८८.९६) रु.६१,२८८.९६ कट्टी गरी भुक्तानी गर्नुपर्नेमा सो नगरेकोले क्षतिपूर्ति वापतको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,२८८.९६ |

५७ **अनुदान व्यवस्थापन** - नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| क्र.स. | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम रु. |
|---|---|---|---|
| १ | कृषि तर्फ | १० | ३१,६१,००० |
| २ | पशु तर्फ | ३ | ३०,००,००० |
| **जम्मा** | | **१३** | **६१,६१,०००** |

उपरोक्त विवरण अनुसार नगरपालिकाले यस आर्थिक वर्षमा १० वटा कृषि कार्यक्रममा रु. ३१ लाख ६१ हजार र पशु तर्फ ३ वटा कार्यक्रममा रु. ३० लाख समेत गरी कृषि र पशु कार्यक्रम तर्फ जम्मा रु.६१ लाख ६१ हजार अनुदान वितरण गरेको छ । अनुदान वितरण गर्दा संघीय र प्रदेश सरकारसंग दोहोरो नपर्ने तथा कार्यक्रम संचालनको दिगोपना सुनिश्चित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५८ **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले २० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष किसानको लागत सहभागिता ५० प्रतिशत र ५० प्रतिशत नगरपालिका अनुदान रहने गरी ११९ वटा मिनिटिलर रु.५०,९२,०००।०० र ६५ वटा भुसा काट्ने मेसिन रु.२०,९९,०००।०० गरी जम्मा रु.७१,९१,०००।०० मा टुक्रा टुक्रा गरी खरिद गरेकोमा नगरपालिकाको तर्फबाट रु.३५,९५,५००।०० भुक्तानी भएको छ । त्यसैले नगरपालिका र किसान समेतको लागत सहभागिता भएका देहाय बमोजिमका सामान खरिद गर्दा प्रचलित कानूनी व्यवस्थाको पालना भएको नदेखिएकाले उक्त खरिद कारबाही मितव्ययी र नियम सम्मत् नदेखिएको रु.

| क्र.स. | शिर्षक | सामानको विवरण | संख्या | रकम रु. |
|---|---|---|---|---|
| १ | नगरपालिका चालु | मिनिटिलर | ११९ | ४६,३०,०००।०० |
| २ | | भुषा काट्ने मेसिन | ५५ | १७,५९,०००।०० |
| ३ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | मिनिटिलर | ११ | ४,६२,०००।०० |
| ४ | | भुषा काट्ने मेसिन | १० | ३,४०,०००।०० |
| **जम्मा** | | | | **७१,९१,०००।००** |

| | |
|---|---|
| अनियमित भएको | ७१,९१,००० |

५९ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका ५ वडाहरुमा ६ वटा योजनामा बाटो खन्ने, बाटो सोलिङ्ग, कुलो खन्ने लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५९ जनालाई रोजगारी उपलब्ध गराई रु.३५८७२०० खर्च गरेको छ ।

६० **पारिश्रमिक कर -**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर संघिय सञ्चितको दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१८ को निर्णयबाट रु.९,९७५ सम्परीक्षण गरिएको ।)*

६१ **प्रेस सल्लाहकार -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । नगरपालिकाले नगेन्द्र अधकारीलाई दरबन्दी बेगरको प्रेस सल्लाहकारका रुपमा मासिक रु.३४,०००।०० का दरले सुविधा/पारिश्रमिक भुक्तानी दिने नगर नगरकार्यपालिकाको निर्णयानुसार यस वर्ष रु.३,७४,०००।०० भुक्तानी गरेकोमा निजसँग नगरपालिकाले सेवा, शर्त र सुविधा सम्बन्धमा द्धिपक्षीय सम्झौता र हाजिरी विना सुविधा वापतको रकम भुक्तानी गरेको छ । त्यसैले यस्तो नियुक्ती एवं निर्णय गर्दा प्रचलित कानूनी व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६२ **कानूनी सल्लाहकार -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । नगरपालिकाले अधिवक्ता महेन्द्र तामाङ्गलाई दरबन्दी बेगरको कानूनी सल्लाहकारका रुपमा मासिक रु.३४,०००।०० का दरले सुविधा/पारिश्रमिक भुक्तानी दिने नगर नगरकार्यपालिकाको निर्णयानुसार यस वर्ष ११ महिनाको रु.३,७४,०००।०० भुक्तानी गरेकोमा निजसँग नगरपालिकाले सेवा, शर्त र सुविधा सम्बन्धमा द्धिपक्षीय सम्झौता र हाजिरी विना सुविधा वापतको रकम भुक्तानी गरेको छ । त्यसैले यस्तो नियुक्ती एवं निर्णय गर्दा प्रचलित कानूनी व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६३ **नगर यूवा परिषद्को कार्यकारी उपाध्यक्ष -** नमोबुद्ध नगरपालिकाको नगर यूवा परिषद् सम्बन्धी ऐन, २०७६ को दफा १५ अनुसार कार्यकारी उपाध्यक्ष नियुक्ती हुने र निजले नगर नगरकार्यपालिकाले तोके बमोजिमको सेवा सुविधा प्राप्त गर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार नियुक्त कार्यकारी उपाध्यक्षलाई मासिक रु.३४,५०० का दरले यस वर्ष रु.४,१४,०००।०० पारिश्रमिक भुक्तानी गरेको छ । नगरपालिकाले प्रचलित कानूनी व्यवस्था अनुसार आफ्नो कार्यक्षेत्र भित्र पर्ने विषयमा आवश्यक कानून निर्माण गरी सोको कार्यान्वयन गर्न सक्ने भएता पनि नगर यूवा परिषद्को गठन र पदाधिकारी नियुक्तीको आवश्यकता र औचित्य सावित हुन सक्ने वा नसक्ने अवस्था तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६४ **कर्मचारी प्रोत्साहन भत्ता -** बाग्मती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । नमोबुद्ध नगरपालिकाको कार्य सम्पादनमा आधारित अतिरिक्त समय काम गरे वापतको थप भत्ता तथा प्रोत्साहन सुविधा सम्बन्धी कार्यविधि, २०७७ अनुसार प्राविधिक कर्मचारीलाई तलबको २५ प्रतिशत र नगर सभामा सहयोग गर्ने अन्य कर्मचारीलाई १ महिनाको तलब वापत यस वर्ष आन्तरिक स्रोतबाट रु.७ लाख र प्रदेश सरकार, राजस्व बाँडफाँडबाट रु.१३ लाख ५ हजार समेत गरी जम्मा रु.२० लाख ५ हजार प्रोत्साहन भत्ता भुक्तानी गरेको छ । त्यसैले प्रोत्साहन भत्ता भुक्तानी गर्दा प्रदेश कानून अनुसार तोकिएको विधि अवलम्बन गरी कार्य सम्पादन सूचक समेतलाई ध्यान दिनुपर्ने देखिन्छ ।

६५ **पशु बिमा र क्षतिपूर्ति दाबी** - नगरपालिकाको स्वीकृत नीति तथा कार्यक्रम अनुसार ११ वटै वडाहरुमा पशु बिमा कार्यक्रम संचालन भएको छ । उक्त कार्यक्रम संचालनबाट नगरपालिका र किसानको ५०/५० लागत सहभागितामा पशु चौपायहरुको बिमा गरे वापत नगरपालिका र किसानले रु.५ लाख ५० हजारका दरले जम्मा रु.११ लाख बिमा शुल्क भुक्तानी गरेको देखिन्छ । बिमित चौपाय समेत गरी २७५ चोपाया लम्की स्कीन रोगका कारण मृत्यु भएको विवरण नगरपालिकाबाट पेश भएकोमा मृत्यु भएका पशुको बिमा रकम दाबी गरी क्षतिपूर्ति प्राप्त गरे नगरेको सम्बन्धमा नगरपालिकाले जानकारी एवं चासो लिएको देखिएन भने बिमित पशुको मृत्यु दाबीमा सहजिकरण नगरेको तथा किसानले समेत क्षतिपूर्ति प्राप्त नगरेको अवस्था उचित र मनासिव मान्न सकिएन । त्यसैले पशु बिमाको उद्धेश्य बमोजिम बिमित पशु/चोपायाको क्षतिपूर्ति प्राप्त भएको सुनिश्चित गर्ने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ ।

६६ **करार कर्मचारीलाई महंगी भत्ता** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु. १० हजार पोशाक खर्च मात्र पाइने व्यवस्था छ । त्यसैगरी संघीय सरकार अर्थ मन्त्रालयले मिति २०७९/१/२१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने भनी मिति २०७९/१/१५ मा गरेको निर्णयको जानकारी सम्बन्धित स्थानीय तहहरुलाई गराएको देखिन्छ । तर नगरपालिकाले करारमा कार्यरत ४७ कर्मचारीलाई भुक्तानी गरेको महंगी भत्ता रु.११,१६,०००।०० उल्लेखित परिपत्र विपरित देखिएकाले उक्त भुक्तानी नियम सम्मत् नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ११,१६,००० |

६७ **समानीकरण अनुदानबाट शिक्षक तलब** - नगरपालिकाले शैक्षिक सुदृढीकरण अनुदान मार्फत् १३ सामुदायिक विद्यालयका निजी स्रोतका शिक्षकको तलब भत्ता वापत यस वर्ष रु.२१,००,०००।०० भुक्तानी गरेको छ । नगरपालिकाले शिक्षकको आवश्यकता, शिक्षक विद्यार्थी अनुपात एवं विद्यालय समायोजन तथा दरबन्दी मिलानको कारबाही प्रभावकारी रुपमा संचालन नगरी विद्यालयबाट नियुक्त निजी स्रोतका शिक्षकहरुको तलब भत्ता भुक्तानी गर्नु मनासिव देखिएन ।

६८ **नाङशाल एशोसिएसन नेपाल** - नगरपालिकाले प्रारम्भिक साक्षरता र गणित कार्यक्रम संचालनका लागि नाङ्शाल एशोसिएसन नेपालसँग सम्झौता गरी मूल्य अभिवृद्धि कर सहित भौ. नं. ८७१ र ११२१ बाट रु.९,९९,०००।०० भुक्तानी गरेकोमा निज फर्म मूल्य अभिवृद्धि करमा दर्ता भएको पाईएन । त्यसैले मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मलाई मूल्य अभिवृद्धि कर बाहेक रु.८,८४,८६७।२५ मात्रको सम्झौता भएकोमा निजलाई भुक्तानी भएको मूल्य अभिवृद्धि कर वापतको रकम रु.१,१५,०३२।७४ असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१५,०३२ |

६९ **विद्युत महशुल अनुदान** - नगरपालिकाले यस वर्ष देहायका खानेपानी तथा सरसफाई समितिलाई विद्युत महशुल वापत रु.८,५०,०००।०० अनुदान दिएको छ ।

| क्र.स. | भौ.नं. रमिति | संस्थाकोनाम | भुक्तानीरकम रु. |
|---|---|---|---|
| १ | ३२६/२०७९/९/८ | कानपूर खानेपानी तथा सरसफाई समिति | ७,००,०००।०० |
| २ | ५५२/२०७९/११/२३ | | १,५०,०००।०० |
| ३ | ३४४/२०७९/९/१३ | लालदेवी खानेपानी तथा सरसफाई समिति | ३,००,०००।०० |
| **जम्मा** | | | **११,५०,०००।००** |

नगरपालिकाले विद्युत महशुल अनुदान दिदाँ आयोजना हस्तान्तरण गर्ने कार्यालयसँग समितिले गरेको सम्झौता, खानेपानी महशुल वापत समितिले संकलन गर्ने शुल्क तथा विद्युत महशुल अनुदान दिनुको आवश्यकता र औचित्य समेतलाई विचार गर्नुपर्ने देखिन्छ ।

७० **जिन्सी दाखिला** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) अनुसार खरिद गरिएका जिन्सी सामान ७ दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका जिन्सी सामान खरिद गरेकोमा सोको पाम्समा जिन्सी दाखिला गरेको देखिएन । त्यसैले देहायका जिन्सी सामानको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.स. | भौ.नं. र मिति | आपूर्तिकर्ता | विवरण | रकम रु. |
|---|---|---|---|---|
| १ | ८७७/०८०/२/३१ | शिवपूरी ट्रेडिङ्ग कन्सर्न प्रा. लि. | पशु सेवा सम्बन्धी उपकरण खरिद | २,५८,२३३।०० |
| २ | ९२१/०८०/३/८ | ॐ सत्य साई फिल्मस् | वृत्तचित्र निर्माण | २,५०,०००।०० |
| **जम्मा** | | | | **५,०८,२३३।००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०८,२३३ |

७१ **बढी ईन्धन खर्च भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(१) अनुसार कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले भकुण्डे आयल स्टोर प्रा. लि. सँग सम्झौता गरी ईन्धन लिने गरेकोमा नगरपालिकाबाट जारी भएका कुपनमा उल्लेख भएको लिटर भन्दा एउटै कुपन नम्बरबाट दोहोरो तथा तेहोरो गरी बढी ईन्धन लिटर भुक्तानी भएको छ । यस सम्बन्धमा उक्त इन्धन नगरपालिकाकै प्रयोजनमा उपयोग भएको र कुपन जारी गर्न नसकेको अवस्थामा टेलिफोनबाट मौखिक आदेश मार्फत खर्च लेखेको इन्धन भएकाले बढी भुक्तानी नभएको नगरपालिकाको भनाई छ । यद्यपि इन्धन कुपन र खर्च बीच भिडान हुने गरी भुक्तानी गर्ने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ ।

| क्र.स. | विवरण | जारीभएकोकुपन (लिटर) | दाबीगरेकोईन्धन (लिटर) | बढीदाबी (लिटर) | रकमरु. |
|---|---|---|---|---|---|
| १ | पेट्रोल | १४,४१७।९३ | १४,६५६।९३ | २३९ | ४३,५७०।३९ |
| २ | डिजेल | ३०,९८७।३० | ३२१५०।९० | ११८५।३० | २,१२,५२०।८५ |
| जम्मा | | | | | २,५६,०९१।२४ |

७२ **जिन्सी दाखिला** -

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१८ को निर्णयबाट रु.३०,७३,२२३ सम्परीक्षण गरिएको ।)***

७३ **भुक्तानी दिन बाँकी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार कार्यालयले चाले आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने र नियम ३९(१५) मा तोकिएका खर्च मात्र दायित्व सार्न सकिने व्यवस्था छ । यस वर्ष नगरपालिकाले १ करोड ५७ लाख ८ हजारको भुक्तानी बाँकी राखी दायित्व सारेको देखिन्छ । त्यसैले तोकिएका र अत्यावश्यक बाहेकका कार्यमा खर्च गरी आगामी वर्षका लागि दायित्व सिर्जना गर्ने कार्यमा नियन्त्रण गर्न ध्यान दिनुपर्दछ ।

७४ **प्रदेश सरकार समपुरक योजना** - प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं. ४ बमोजिम प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी, दिगोपना आदिको आधारमा कुल लागतको बढीमा पचास प्रतिशतसम्म प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था छ । साथै बुँदा नं. ८(क) बमोजिम स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना/कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना/कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था छ, साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान सम्बन्धित शिर्षकमा खर्च गर्ने र खर्च गर्न बाँकी रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले समपुरक अनुदानबाट देहायका योजनामा प्राप्त रकम सम्बन्धित योजनामा खर्च गरी बचत रकमबाट पुन अर्को ठेक्का तथा कोटेशन मार्फत खर्च गरेको देखिएकोले कार्य विधीको शर्त विपरित खर्च भएको रकम प्रदेश संचितकोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| क्र.स. | योजनाको नाम | विनियोजित बजेट रु. | सम्झौता रकम रु. | प्रदेश सरकारले व्यहोर्नुपर्ने रु. | प्रदेश सरकारको बजेट खर्च रु. | प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रु. |
|---|---|---|---|---|---|---|
| १ | कानपुर डाँडागाउँ हुँदै विपि राजमार्ग जोड्ने सडक | २ करोड | ९१,२७,९१३।५६ | ४५,६३,९५६।७८ | ८७,६९,१२४।८१ | ४२,०५,१६८ |
| २ | दाप्चा बसेरी सडक | २ करोड | १,१८,६६,३६६।१५ | ५९,३३,२८३ | ८४,८४,८५६।२० | २५,५१,६७३ |
| ३ | जयटार जनक मावि चुवाने सडक | २ करोड | ९४,६८,२७९।०१ | ४७,३४,१३९।५० | ९२,२०,२९४।६२ | ४४८६१५५ |
| **जम्मा** | | | | | | ११२४२९९६ |

| प्रमाण पेश नगरेको | १,१२,४२,९९६ |
|---|---|

७५ **श्यामपाटी काउछे आरुबारी चौर पुजारीटाप सडक** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान समबन्धित शिर्षकमा खर्च गर्ने र खर्च गर्न बाँकी रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । श्यामपाटी काउछे आरुबारी चौर पुजारीटाप सडक निर्माणको लागि संघीय सरकारको ४० प्रतिशत र नगरपालिकाको ६० प्रतिशत बजेट विनियोजन गरी रु.२,४९,९९,७५८।५८ को लागत अनुमान तयार गरी ठेक्का प्रकृया मार्फत योजना संचालन गरेको देखिन्छ । उक्त योजनाको लागि ग्रिनतारा-थामसेर्कु जे.भि. संग रु. १,३६,६२,४६५।८७ मा ठेक्का सम्झौता गरेको देखिन्छ । सम्झौता अनुसार उक्त योजनामा संघीय सरकारको सम्झौता रकमको ४० प्रतिशतले हुने रु. ५४,४७,९०७।८६ मात्र संघीय अनुदान खर्च व्यहोर्नुपर्नेमा रु. ६२,४३,८७१.३३ व्यहोरेको देखियो । संघीय सरकारको सम्झौता अनुसारको व्यहोर्नुपर्ने हिस्सा भन्दा रु.७,९५,९६३।४७ बढी व्यहोरेको देखियो । उक्त योजनामा ठेक्का प्रकृया मार्फत भएको सम्झौता रकमको व्यहोर्नुपर्ने भन्दा बढी व्यहोरेको रु. रु.७,९५,९६३।४७ र सो योजनाको लागि संघीय सरकारको विनियोजित बजेट रु.१ करोड मध्येबाट अन्य योजनामा खर्च गरेको रु. ३७,५६,१२८.६६ गरी रु.४५,५२,०९२.१३ संघीय सरकारको संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ४५,५२,०९२ |
|---|---|

७६ **वडा कार्यालय भवन निर्माण** - नगरपालिकाले वडा नं. १ को एक तलाको वडा कार्यालय भवन निर्माण गर्नको लागि रु.७६,२२,९८४।२० (भ्याट र पिएस सहित) लागत अनुमान तयार गरेकोमा रु.४५,७२,९५५।२३ मा ठेक्का सम्झौता भएको देखिन्छ । उक्त भवन निर्माणको लागि गतिशिल निर्माण सेवासंग मिति २०७८।०६।०८ गते मिति २०७८।११।२० भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । वडा कार्यालयको केन्द्रको विवाद र स्थानीय बासीहरुबाट सहमती प्राप्त नभएको भनी २०७९।०१।०८ गते १०८ औं नगर नगरकार्यपालिकाले निर्णय गरी ठेक्का सम्झौता तोडेको देखिन्छ ।

सोही स्थानमा पुनः रु.१,३३,५८,४५४।५० को लागत अनुमान तयार गरेकोमा रु.९६,४२,१८७।८५ ठेक्का सम्झौता गरेको छ । प्रथम पटकको ठेक्कामा ३८.८८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ भने दोस्रो पटकको ठेक्कामा २७.१० प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । नगरपालिकाले ठेक्का बन्दोबस्त गर्दा समयमै विचार गरेको भए नगरपालिकाको रु.४४,४८,४२०।७४ बचत हुनसक्ने देखिन्छ । त्यसैले निर्माण कार्य गर्दा त्यसबाट देखिन सक्ने दीर्घकालिन समस्या समेतको विचार गरी कार्य प्रक्रिया अगाडी बढाउने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ ।

७७ **आन्तरिक लेखापरीक्षण तर्फ**

७७.१ **बागमती टेलिभिजनलाई छपाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । भौचर नं. ६७१ बाट बागमती टेलिभिजनलाई छपाई तथा अन्य खर्च शिर्षकबाट रु.९९००० भुक्तानी भएकोमा सम्बन्धित छपाई सामाग्री तथा भिडियो सामाग्री पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,००० |

७७.२ **बासखर्क सल्लेनी भागवते निर्माण** - उपभोक्ता समिति र नगरपालिकाबीच भएको सम्झौता बमोजिम प्राविधिकले गरेको इस्टिमेट अनुसार ६०० hume pipe को जम्मा १२।५ मिटर गरेकोमा उपभोक्ता समितिबाट १० मिटर मात्र खरिद गरेको देखिएकोले खरिद गरेको भन्दा बढी मूल्याङ्कन गरी बढी भुक्तानी भएको रु.६८७२.१४ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८७२.१४ |

७७.३ **कृषि डायरी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा मालसामान लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कृषि तथा पशुपंछी डायरी, 2079 को बुदाँ नं. २ मा तोकिएको तालिमको दररेट अनुसार तरकारिको विउ खरिद गर्नुपर्नेमा नगरपालिकाले निम्नानुसार बढी दररेटमा तरकारीका बीउ खरिद गरी रु. 25,200 बढी भुक्तानी गरेको देखिन्छ । नगरपालिकाले आफै मूल्य सुची निर्धारण गर्नुपर्ने तथा सो सुचीको आधार कृषि डायरिलाई

लिनुपर्नेमा सो नभइको हुँदा कार्यालयलाई बढी व्यभार परेको स्पस्ट छ । आगामी दिनमा दर निर्धारण गरेर खरिद गर्नुपर्ने देखियो।

| **तरकारिको नाम** | **परिणाम** | **कृषि डायरी अनुसार निर्धारित दर** | **भुक्तानी दर** | **बढी भुक्तानी** |
|---|---|---|---|---|
| काक्रो(१० ग्राम) | १८० प्याकेट(१० ग्रामको) | ५०(१८०*५०) | १२०(१८०*१२०) | १२६०० |
| फर्सी | १८० प्याकेट(१० ग्रामको | २०(१८०*२०) | ४२(१८०*४२) | ३९६० |
| बोडी | १८० प्याकेट(१० ग्रामको | ५(५*१८०) | ५३(५३*१८०) | ८६४० |
| **जम्मा** | | | | **२५२००** |

७७.४ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८५ मा मौजुदा सुचिमा रहेका संस्थाबाट एक आर्थिक वर्षमा बढीमा एकपटक वा पटकपटक गरी १० लाखसम्म सोझै खरिद गर्न सक्ने व्यवस्था छ । तर नगरपालिकाले नगरपालिका चालु शिर्षकबाट आर.सि.सि.डि. अटो केयरबाट सवारी साधन मर्मतमा रु.१७०१०४२.८२ भुक्तानी गरेको देखिन्छ । सार्वजनिक खरिद ऐनमा भएको व्यवस्थाको पालना गरी खरिद कार्यमा मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

७७.५ **सोलार व्याट्री, वत्ती, चार्ज कन्ट्रोलर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार भुक्तानी गर्दा खरिद सम्झौता बमोजिम करारको शर्त बमोजिम गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले भौचर नं.९२६ बाट रु.४९९२१५।४६ को सोलार व्याट्री, वत्ती, चार्ज कन्ट्रोलर खरिद गर्दा खरिद सम्झौतामा वारेन्टीको समय निर्धारण गरेको देखिएन । मौज्दात रहेको २ थान बत्ती, ४ थान ब्याट्री, सोलार प्यानल जडान भएको देखिएन । आगामी दिनमा नगरपालिकाले सामाग्री खरिद गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

७७.६ काँक्रि सामुदायिक भवन निर्माणको आइटम नं. ४ को Cutting,bending of TS rod for RCC works को रु.१३९।३४ का दरले १२१।७५ के.जि. को रु.१६,९६४ विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,९६४ |

७७.७ **ह्युमपाईपको बढी भुक्तानी -** वि.पि. राजमार्ग आचार्यगाउँ कामिथुम्का मोटर बाटो स्तरोन्नतीमा अन्तिम मूल्याङ्कन अनुसार कार्य सम्पन्न प्रतिवेदनमा १३ वटा ह्युमपाईप प्रयोग गरिएको भनी उपभोक्ता समितलाई भुक्तानी गरेकोमा संलग्ल फाँटवारीमा १० वटा मात्र खरिद गरेको देखिएकोले ३ वटा रु.४५,५५० को खरिद विल पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. उपभोक्ताबाट खरिद बील जम्मा २५ र मि अर्थात १० वटाको मात्र देखिएको हुदाँ ३ वटा ह्युमपाईपको विल पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,५५० |

७७.८ **प्रशिक्षक भत्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । सहकारी तथा वित्तीय क्षेत्र प्रवर्द्धन कार्यक्रम दुई दिन संचालन भएकोमा प्रशिक्षक श्री अमोद पुडासैनीलाई ३ दिनको रु.११५६० बढी भुक्तानी भएको उक्त बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने,

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,५६० |

७७.९ **अन्य संस्थालाई अनुदान** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उदेश्यले स्थापित संस्थालाई अनुदान उपलव्ध गराउन मिल्दैन । यदी उपलब्ध गराउने हो भनेपनि सार्वजनिक रुपमा निशूल्क वा न्यून शूल्कमा सेवा उपलब्ध गराउने सुनिश्चितता गराउनुपर्दछ । जोरसल्लाह कृषि सहकारीलाई तिहारको झिलिमिलि सामाग्री खरिद वापत भनि भौचर नं. ४१६ बाट रु. ६०००० तथा नारायणस्थान कृषक समुहलाई भौचर नं .१३२ बाट रु. १५००० उपलब्ध गराएको छ । त्यस्तै भौचर नं. १६१ बाट नेपाल शिक्षक महासंघलाई रु. ५०००० भुक्तानी गरेको देखिन्छ । आगामी दिनमा नगरपालिकाले यस्ता वितरणमूखी खर्चलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

७७.१० **दैनिक भ्रमण** -३३२।०७९।९।११ नगर प्रमुखले विभिन्न मितिमा दैनिक भ्रमण वापतको भुक्तानीमा प्रतिदिन रु. १८०० हुनुपर्ने (वागमती प्रदेशको स्थानीय तहका पदाधिकारिको सेवा सुविधा सम्वन्धि ऐन/संशोधन २०७६) मा रु. २००० का दरले भुक्तानी भएको हुँदा बढी भुक्तानी बापतको रकम रु. ३००० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००० |

७७.११ **बढी दैनिक तथा भ्रमण भत्ता** –

*.......... (प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१/०१/१८ को निर्णयबाट रु.३,१५० सम्परीक्षण गरिएको ।)*

७७.१२ **सत्य समाचार प्रा.लि.** - ३९०।०७९।०९।२२ सुचना वापत सत्य समाचार प्रा.ली. लाई रु ९८५०० भुक्तानीमा विभिन्न online मिडियाको सूचनालाई फोटोकपी गरी सोलाई दस्ताबेज मान्दै समाचार सामाग्रीलाई सूचनाको रुपमा लिई सोको आधारमा भुक्तानी गरिएको हुँदा सोलाई भुक्तानी गर्नुपर्ने आधार देखदैन । यसरी कार्यालयलाई बढी व्ययभार भएको अनियमित भएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | ९८,५०० |

७७.१३ **अन्तरक्रिया प्रगति समिक्षा** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले भौचर नं. ६०७ बाट मिति २०७९/१२/०१ मा महिला विकाश शाखा सम्बन्धित कार्यक्रमबाट अन्तरक्रिया प्रगति समिक्षा कार्यक्रम १ दिन मात्र संचालन भएकोमा २ दिनको रकम बुझाएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,६५० |

७७.१४ भौचर नं. ६५० विभिन्न संघ संस्थालाई आर्थिक सहायता शिर्षकबाट श्री म्यूजिक प्रा.लि. (डिल ब.तामाङ) लाई फिल्म बापत रु.१,५०,००० भुक्तानी गरेको देखिन्छ । नगरपालिकाले फिल्म संस्थालाई फिल्मको प्रचारप्रसारका लागि रकम भुक्तानी गर्नु औचित्यपूर्ण देखिएन ।

७७.१५ **पत्रपत्रिका, विज्ञापन तथा छपाइ सम्बन्धी खर्च** - स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता अपनाउनुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न पत्रिकामा प्रकाशन गरिने सुचनाको लागि शिलबन्दी दरभाउपत्र मार्फत सबैभन्दा बढी छुट दिन सक्ने राष्ट्रिय दैनिक पत्रिकाको नाम, छुट प्रतिशत र उक्त सेवा प्रदान गर्ने परामर्श दाता माग गरी सुचना प्रकाशन गरेको देखिन्छ । यस्तै असल अभ्यासको रुपमा रोशि गाउनगरपालिका तथा मण्डनदेउपुर नगरपालिका लगायतले दररेट माग गरेकोमा ९३ प्रतिशत सम्म छुट दिएको देखियो । गोरखापत्र संस्थानको २०७०/०४/२३ को पत्रमा सरकारी सूचनामा न्यूनतम २५ प्रतिशत छुट दिने नीतिगत निर्णय गरेको छ । साथै अन्य संस्थानले पनि न्यूनतम २५ प्रतिशत छुट दिएको पाइन्छ । नगरपालिकाले न्यूनतम् २५ प्रतिशत सम्म छुट नलिदा

नगरपालिकालाई थप व्ययभार परेको देखिन्छ । निर्धारित छुट भन्दा कम छुट लिएको रु.४९३६० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| परामर्शदाता निकाय | भौचर नं. | जम्मा भुक्तानी रु. | कम छुट रु. |
|---|---|---|---|
| एस.पि. मिडिया प्रा.लि. | १६४ | ३९८०५ | ६१६० |
| सिभिल | १०८४ | ४५७६५ | ५४०० |
| भेटघाट मिडिया | ४७५ | ४९१९६ | ५२०० |
| भेटघाट मिडिया | ६५१ | २१६२७६ | २२८०० |
| एस.पि. मिडिया प्रा.लि. | १६४ | ३९८०५ | ४२०० |
| एस.पि. मिडिया प्रा.लि. | २३३ | ५३०७४ | ५६०० |
| **जम्मा** | | | **४९३६०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,३६० |

७७.१६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा आन्तरिक लेखापरीक्षणबाट देखिएका वेरुजु अन्तिम लेखापरीक्षण गर्नु अगावै फछ्र्यौट गराउनुपर्ने व्यवस्था छ । नगरपालिकाले अन्तिम लेखापरीक्षण गराउनुपूर्व आन्तरिक लेखापरीक्षणबाट औल्याइएका वेरुजु असूल फछ्र्यौट नगराई बाँकी रहेको देखिएकोले अन्तिम प्रतिवेदनका अन्य दफाहरुमा समावेश नभएका र उल्लेखनीय व्यहोराहरु मात्र कायम भई फछ्र्यौट हुन बाँकी बेरुजु निम्नानुसार रहेकोले असूल फछ्र्यौट गराउनुपर्ने रु.

७८ **पेश्की बाँकी -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई उपलव्ध गराएको म्याद नाघेको रु.११,९०,४६० र म्याद ननाघेको रु.७,९७,००० पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि पछ्र्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

| भौ.नं. मिति | पेश्की लिनेको विवरण | पेश्कीको विवरण | म्याद नाघेको | म्याद ननाघेको | जम्मा |
|---|---|---|---|---|---|
| १११५।०८०।३।२४ | सहायक कम्प्यूटर अपरेटर श्री रामहरी भण्डारी | सभा संचालन खर्च | २,५०,००० | ० | २,५०,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३०।२०८०।०३।१३ | हिमालयन क्रस रोड प्रा.लि. | कानपुर डाँडागाउँ हुँदै वि पि राजमार्ग जोड्ने सडक | ० | ७,९७,००० | ७,९७,००० |
| ३२।२०७९।०५।२७ | कालिगंगा माध्यामिक विद्यालय | पारिश्रमिक कर्मचारी | २,००,००० | ० | २,००,००० |
| ३२।२०७९।०५।२७ | भगवती प्राथामिक विद्यालय | पारिश्रमिक कर्मचारी | १,५०,००० | ० | १,५०,००० |
| ८७१।२०८०।२।३१ | नाङशाल एशोसियसन नेपाल | स्थानीय पाठ्यक्रम निर्माण तथा भाषा प्रवर्द्धन | २,६५,४६० | ० | २,६५,४६० |
| ३१६।०८०।०३।२४ | राधाकृष्ण निर्माण उपभोक्ता समिति | | ३,००,००० | ० | ३,००,००० |
| १।२०७९।४।१७ | शंकर प्रसाद चौधरी | विभिन्न जात्रा तथा संस्कृति व्यवस्थापन कार्यक्रम | १०,००० | ० | १०,००० |
| १२२।०७९।०६।१३ | इन्द्र बहादुर राउत | मसलन्द तथा कार्यालय सामाग्री | १५,००० | ० | १५,००० |
| **जम्मा** | | | **११,९०,४६०** | **७,९७,०००** | **१९,८७,४६०** |

| | |
|---|---|
| पेश्की | ११,९०,४६० |

## अनुसूचीहरू

**अनुसूची -१**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक , नमोबुद्ध नगरपालिका , काभ्रेपलाञ्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजन पौडेल | २०७७-८-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | ऋृपु ध्वोज के.सी | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,३४९,०३३.५१ | २०,६१२,२७६ | ३१,१०३,१२२ | ० | ० | १,१९०,४६० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५४,२५४,८९१.५१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,०८६,३४८ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५१,१६८,५४३.५१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १३५२९६८४४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०१७११७८५ | **चालु खर्च** | ४०७०७२६२१ |
| **प्रदेश सरकारबाट अनुदान** | ५४६०६९०९ | **पूँजीगत खर्च** | २१३८४१५६३ |
| **राजश्व बाँडफाँट** | १३४६१६१९४ | **वित्तीय/अन्य व्यवस्था** | १९६१०६०१५ |
| **आन्तरिक आय** | ८१३१२८०२ | | |
| **अन्य आय** | ७९६२१३५३ | | |

| | | | |
|---|---|---|---|
| **कुल आय** | ७५१८६९०४३ | **कुल खर्च** | ८१७०२०१९९ |
| **बाँकी मौज्दात** | | ७०१४५६८८ | |